नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७८।१२।२६**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ सम्बन्धी मुद्दा नवलपरासी जिल्ला अदालतमा मिति २०७८।१२।२५ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला नवलपरासी (ब.सु.प.), सरावल गाउँपालिका वडा नं.-४ वडसारी भई भारतीय आधारकार्ड नम्बर २२५२ ५३६० ०२६८ भएका बर्ष २१ का समिर खान ।
- जिल्ला नवलपरासी(बसुप), पाल्हीनन्दन गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भएका बर्ष ३५ का योगेन्द्र यादव ।
- छोरा जिल्ला नवलपरासी(बसुप), बर्दघाट नगरपालिका वडा नं. १३ स्थायी ठेगाना भएका बर्ष ३९ का कृष्ण प्रसाद काफ्ले ।
- जिल्ला नवलपरासी(बसुपु), हुप्सीकोट गाउँपालिका वडा नं. ३ गिरुवारी स्थायी ठेगाना भएका बर्ष ४८ का इश्वरी प्रसाद रेग्मी ।
- जिल्ला नवलपरासी(बसुप), सुस्ता गाउँपालिका वडा नं. २ फेनराबजार स्थायी ठेगाना भएका बर्ष ४१ का रमेश कलवार ।

२. **कसुरको संक्षिप्त विवरणः** प्रतिवादीहरु समिर खान, योगेन्द्र यादव, कृष्ण प्रसाद काफ्ले र ईश्वरी प्रसाद रेग्मीले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४ र ५ तथा अन्य सम्बद्ध कानुन विपरीतको कसुर गरेको देखिएको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** प्रतिवादीहरु समिर खान, योगेन्द्र यादव, कृष्ण प्रसाद काफ्ले र ईश्वरी प्रसाद रेग्मीले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा ३, ४ र ५, सोही ऐनको दफा १२ को अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागले मिति २०७६/०९/०९ मा जारी गरेको एकीकृत परिपत्र-२०७६ को दफा १.११.६ मा भएको व्यवस्थाले निषेध गरेको कार्य गरेको देखिन आएकोले बरामदीत भारतीय रुपैयाँ भा.रु.९,००,०००।- (नौ लाख) को नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय विक्री दर बमोजिम ने.रु.१४,४१,३५०।- (अक्षरुपी चौध लाख एकचालिस हजार तीन सय पचास) र भारतीय मुद्रा सटही गर्ने प्रयोजनको लागि समिर खान र योगेन्द्र यादवले लिइ आएको निजहरुको साथबाट बरामद भएको नेपाली रुपैयाँ रु.१८,५०,०००।- (अठार लाख पचास हजार) समेत गरी जम्मा विगो ने.रु.३२,९१,३५०।-

(अक्षरुपी बत्तिस लाख एकानब्बे हजार तीन सय पचास) कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) बमोजिम **हदै सम्मको जरिबाना गरी पाउन** र बरामद भएको भारतीय रुपैयाँ भा.रु. २०००।- को २०७ थान, भा.रु.५००।- दरका नोट ९७२ थान गरी जम्मा भा.रु.९,००,०००।- (नौ लाख) र नेपाली रुपैयाँ ने.रु.१०००।- दरको १०६९ थान, ने.रु.५००।- दरको १५६२ थान गरी जम्मा ने.रु.१८,५०,०००।- (अठार लाख पचास हजार) जफत गर्ने समेतको मागदावी लिइएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**